# शिखर नगरपालिकाको विनियोजन ऐन, २०८२

**शिखर नगरपालिकाको आर्थिक बर्ष २०८२/२०८३ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चितकोषबाट केही रकमखर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमाव्यवस्थागर्न बनेको ऐन**

सभाबाट स्वीकृत मिति: २०८२।०३।१०

**प्रस्तावना:** शिखर नगरपालिकाको आर्थिक वर्ष २०८२/२०८३ को सेवा र कार्यहरुको लागि सञ्चितकोषबाट केही रकमखर्च गर्ने अधिकार दिन र सो रकमविनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२)बमोजिम शिखर नगर सभाले यो ऐन बनाएको छ।

१.**संक्षिप्तनामर प्रारम्भ:** (१)यस ऐनको नाम " शिखर नगरपालिकाको विनियोजन ऐन, २०८२" रहेको छ।

(२) यो ऐन तुरुन्तप्रारम्भ हुनेछ।

२.**आर्थिक वर्ष २०८२/२०८३ को निमित्त सञ्चितकोषबाट रकमखर्च गर्ने अधिकार:** (१)आर्थिकवर्ष २०८२/२०८३ को निमित्त नगरकार्यपालिका, वडा समिति, विषयगत शाखालेगर्ने सेवा र कार्यहरुकानिमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगतखर्च र वित्तियव्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. ७१,०७,४३,३४४।- (अक्षेरुपी एकहत्तरकरोड सातलाख त्रिचालिसहजार तीनसय चौवालिस रुपैयामात्र) मा नवढाई निर्दिष्ट गरिए वमोजिम सञ्चितकोषवाट खर्च गर्न सकिनेछ।

३. **विनियोजन:** (१) यस ऐनद्धारा सञ्चितकोषवाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८२/२०८३ को निमित्त शिखर नगरपालिको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्तविनियोजन गरिनेछ।

(२)उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगतशाखाले गर्ने सेवा र कार्यहरुको निमित्तविनियोजन गरेको रकममध्ये कुनैमा वचत हुने र कुनैमा अपुगहुने देखिनआएमा नगरकार्यपालिकाले वचत हुने शीर्षकबाट नपुगहुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकवाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नवढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुवाट अर्को एक वा एक भन्दा वढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजिगतखर्च र वित्तीयव्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा वाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खच तर्फ विनियोजित रकम व्याज भुक्तानी खर्च शीर्षकमा वाहेक अन्यत्र सार्न सकिने छैन।



दिर्घ ब.बलायर
नगर प्रमुख

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

(३)उपदफा (२) माजुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ।

दिर्घ ब.बलायर
नगर प्रमुख

अनुसूचि-१

(दफा२ संग सम्वन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

संञ्चितकोषवाट विनियोजन हुने रकम

व्यय तर्फ

| क्र.सं. | शीर्षक | रकम |
|---|---|---|
| १. | वडागत योजना तथा प्रशासनिक खर्च | ४ करोड ४० लाख |
| २. | समपुरक तर्फ | १ करोड ७० लाख |
| ३ | नगरपालिका/ शाखागत र नगर योजना तर्फ | ६४ करोड ९७ लाख ४३ हजार ३४४ |
| | | ७१ करोड ०७ लाख ४३ हजार ३४४ |

दिर्घ ब.बलायर
नगर प्रमुख